पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।
067 – 411101
067 – 411102
info@paiyunmun.gov.np
paiyungapa@gmail.com
www.paiyunmun.gov.np

आ.व: २०८२/८३
च.नं.

## चिस्यान केन्द्र संचालनका लागि आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/११/२८

पैयूँ गाउँपालिकाको चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम पैयूँ गाउँपालिका वडा नं ४ स्थित चिस्यान केन्द्र संचालन गर्ने प्रक्रियालाई पारदर्शी र व्यवस्थित गरि कृषि उपजको सुरक्षित भण्डारणमा सहयोग पुर्याउन देहाय बमोजिमका शर्तहरुको अधिनमा रही पैयूँ गाउँपालिका क्षेत्र भित्रका ईच्छुक कृषि सहकारी/कृषक समूह/निजी कृषि फर्मले यो सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८२/१२/०४) भित्र तपसिल बमोजिमका आवश्यक कागजात सहित आर्थिक प्रस्ताव यस गाउँपालिकाको कार्यालयमा पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क) सम्झौता अवधि (वार्षिक रुपमा नवीकरण हुने गरी) कम्तिमा ३ वर्ष र बढीमा ५ वर्ष हुने।

ख) प्रत्येक वर्ष सम्झौता रकम वार्षिक ५ प्रतिशतले बढ्दै जाने।

ग) चिस्यान केन्द्रको सञ्चालन खर्च (पानी, बिजुली, सामान्य मर्मत, जनशक्ति व्यवस्थापन, सुरक्षा प्रवन्ध आदि) दोस्रो पक्षले व्यहोर्नुपर्ने।

घ) पैयूँ गाउँपालिका भित्रका कृषकहरुलाई कृषि उपज भण्डारको लागि पहिलो प्राथमिकता दिनुपर्ने।

ङ) कृषकहरुले कृषि उपज भण्डार गरे बापत कृषकबाट प्रति महिना प्रति केजी अधिकतम रु. ५ शुल्क लिन सक्ने र सो रकम वार्षिक ५ प्रतिशत बढाई असूल गर्न सकिने।

च) चिस्यान केन्द्र सञ्चालनको लागि गाउँपालिका वा यस गाउँपालिका अन्तर्गतको वडाबाट कुनै आर्थिक सहायता वा कार्यक्रम उपलब्ध नहुने।

आवश्यक कागजातः

क) रितपूर्वकको निवेदन तथा आर्थिक प्रस्ताप।

ख) निजी कृषि फर्मको हकमा नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपि।

ग) निजी कृषि फर्म/कृषि सहकारी/कृषक समूह दर्ता तथा नवीकरण प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, अघिल्लो आ.व को लेखा परीक्षण प्रतिवेदन।

घ) कृषि सहकारी/कृषक समूहको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि।

ङ) सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र।

२०८२/११/२८

जिवन गैरे
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ</u>

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन।

श्री वडा कार्यलय सबै सूचना टाँस गरी सम्बन्धित कृषि सहकारी/कृषक समूह/निजी कृषि फर्महरुलाई जानकारी गरिदिनुहुन।

<u>थप जानकारीका लागि (कृषि शाखा)</u>

९८४०५३८४२२, ९८६४१४९३९५

(पुनश्चः आर्थिक प्रस्ताव सम्बन्धी कागजात यस गाउँपालिका तथा वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।)